मिति :- २०७५/१०/०६

श्रीमान् मेयर ज्यू,
पोखरा महानगरपालिका
पोखरा, कास्की ।

**विषयः- फिर्के संरक्षण तथा मापदण्ड सम्बन्धमा (ध्यान आकर्षण) ।**

उपरोक्त सम्बन्धमा विगत लामो समयदेखि स्थानीय निकायमा जनप्रतिनिधिहरू नहुँदा फिर्केको व्यवस्थापन हुन सकेको थिएन । यसको हामीहरूमा तनाव गराइरहेको थियो । जनप्रतिनिधिहरू आएपछि यसको न्यायसङ्गत व्यवस्थापन हुनेमा आशावादी थियौं । हाल विभिन्न सञ्चार माध्यमबाट फिर्केको मापदण्ड १० मिटर बनाउन लागिएको जानकारी हुन आएको छ । मापदण्ड कहाँबाट र के को लागि भन्नेमा अन्यौल सिर्जना भएको छ ।

जनप्रतिनिधिहरूबाट कहिले व्यक्ति, समुदाय, संघसंस्था, धार्मिक, सांस्कृतिक, समाज, शैक्षिक संस्थाका घरजग्गामा जथाभावी चिह्न लगाउने, कहिले अस्पष्ट मापदण्ड तोक्ने कार्यले सरोकारवालाहरूको सम्पत्तिमाथि दाग लगाउने, सामाजिक प्रतिष्ठामा आँच ल्याउने, मानसिक रूपमा तनाव दिई आतङ्कित बनाउने कार्य भएको छ ।

गणतन्त्रात्मक शासन पद्धतिमा जनताको सम्पत्तिको अधिकार, मानव अधिकार, जस्ता विषय, नैसर्गिक अधिकार भित्र पर्छन् कि पर्दैनन् ? यस विषयले राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय न्यायलयमा प्रवेश पाउँछ कि पाउँदैन ? निर्णय गर्दा सरोकारवालाहरूको सहभागिता र सहमति आवश्यकता पर्छ कि पर्दैन ? फिर्के खोलाको मध्य भागलाई केन्द्र बनाई दायाँ-बायाँ ३/३ मिटर मापदण्ड कायम गरि पाऊँ भनी यहाँको ध्यानाकर्षण गर्दै योनिवेदन पेश गरेका छौं ।

| | |
|---|---|
| ............................ | ............................ |
| **कृष्ण पराजुली (ढाकामोहन)** | **नारायण विक्रम शाही** |
| **सह-संयोजक** | **संयोजक** |
| **फिर्के संरक्षण तथफ मापदण्ड** | **फिर्के संरक्षण तथा मापदण्ड** |
| **सरोकार समिति** | **सरोकार समिति** |